## वनगाड कुपिण्डे नगरपालिकाको आव २०७५/७६ को निर्णय तथा कार्यान्वयनको अवस्था

| निर्णय मिति | निर्णयहरु | | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | निर्णय न. | निर्णयको व्यहोरा | |
| २०७५/०६/२७ | १ | नगर कार्यपालिकाको बैठक मिति २०७५ साल कार्तिक ८ गते बस्ने निर्णय गरियो \| | बैठक कार्तिक ९ गते बसेको |
| | २ | शिक्षा ऐन निर्माणका लागि मस्यौदा समिति गठन गर्ने निर्णय गरेको \| | सो समिति गठन भै शिक्षा ऐन पनि सम्पन्न भएको |
| २०७५/०७/०९ | १ | मिति २०७५/०७/१० गते बिहान १०.०० बजे बस्ने निर्णय गरेको \| | कार्य सम्पन्न (निर्णय मितिमा बैठक बसेको) |
| २०७५/०७/१० | १ | मिति २०७५/०७/१२ गते बिहान १०.०० बजे बस्ने निर्णय गरेको \| | बैठक बस्न सकेन |
| २०७५/०८/१२ | १ | मिति २०७५/०७/१३ गते बिहान १०.३० बजे बस्ने निर्णय गरेको \| | कार्य सम्पन्न (निर्णय मितिमा बैठक बसेको) |
| २०७५/०८/१३ | १ | कुनै पनि प्रस्ताबमाथि निर्णय तथा छलपल भएन | - |
| २०४७५/०८/१४ | १ | आ.व. २०७५/७६ को नगरसभा मिति २०७५/०८/१८ गते बिहान १०.३० बजे संचालन गर्ने निर्णय गरेको \| | कार्य सम्पन्न (निर्णय मितिमा नगर सभा भएको) |
| | २ | आ.व. २०७५/७६ को लागि तयार भएको विनियोजन विधयक पारितका लागि नगरसभामा पेश गर्ने निर्णय गरेको \| | विनियोजन विधयक पेश भै पारित पनि भै सकेको |
| | ३ | आर्थिक प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयक पारितका लागि नगरसभामा पेश गर्ने निर्णय गरेको \| | सो विधयक पेश भै पारित भै सकेको |
| | ४ | नगर स्वास्थ्यचौकी हरुमा कार्यरत करार कर्मचारीहरुलाई मिति २०७५ श्रावन देखि मिति २०७६ अषाढ मसान्त सम्म निरन्तरता दिने निर्णय गरेको \| | कार्य सम्पन्न (निरन्तर गरेको) |
| | ५ | सूचना प्रविधि अधिकृतको मिति २०७५ साल श्रावन देखि मिति २०७५ साल पौष मसान्त र मिति २०७५ साल माघ देखि मिति २०७६ साल अषाद मसान्त सम्म सेवा करार सम्झौता गरि कामकाजमा खटाउने निर्णय गरेको \| | कार्य सम्पन (सेवा करार सम्झौता भएर कामकाजमा खटि सकेको) |
| | ६ | नगरपालिका र यसको वडाहरुमा कार्यरत बाकी सबै कर्मचारीहरुलाई मिति २०७५ साल श्रावन देखि मिति २०७६ साल अषाढ मसान्त सम्म निरन्तरता दिने निर्णय गरेको \| | कार्य सम्पन्न (सेवा करार सम्झौता भएर कामकाजमा खटि सकेको) |
| | ७ | सामाजिक परिचालन कार्यक्रमबाट श्रोत व्यहोर्ने गरि सामाजिक परिचालकको कार्य सम्पादन मुल्यांकन समेतका आधारमा मिति २०७५ श्रावन देखि मिति २०७६ अषाढ मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो \| | कार्य सम्पन्न (सेवा करार सम्झौता भएर कामकाजमा खटि सकेको) |
| | ८ | बिभिन्न ऐन (शिक्षा ऐन २०७५, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५, सहकारी ऐन २०७५, न्यायिक समिति ऐन २०७५, जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, कृषि व्यवसाय प्रबर्दन ऐन २०७५ ) निर्माण गर्ने निर्णय गरियो \| | कार्य सम्पन्न (निर्माण तथा पारित भएर प्रमाणित भैसकेको) |
| | ९ | विभिन्न नियमावली, कार्यविधि, निर्देशिका, आचारसहिंता र मापदण्ड बनाउने निर्णय गरेको \| | कार्य सम्पन्न (निर्माण तथा पारित भएर प्रमाणित भैसकेको) |

| निर्णय मिति | निर्णयहरु | | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | निर्णय न. | निर्णयको व्यहोरा | |
| | १० | कर्यरत प्राविधिक कर्मचारी (इन्जिनियर, सब इन्जिनियर, अ.स. इन्जिनियर, अमिन) फिल्डमा भत्ता वापत रु. ८०००,६०००,५०००,५००० क्रमस २०७५ साल माघ देखि २०७६ अषाढ मसान्त सम्म उपलब्ध गर्ने निर्णय गरेको । | २०७५ साल माघ मसान्त देखि लागु हुने |
| २०७५/०८/१५ | १ | यस नगरपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधा प्रदेश सरकारले गरेको निर्णय अनुसार २०७४ साल जेष्ठ १२ गते देखि शपथ ग्रहण गरेको मिति देखि लागु हुने गरि पद तथा अनुसूची १ अनुसार उपलब्ध गराउने निर्णय गरेको । | कार्यान्वयनको अवस्थामा रहेको |
| २०७५/०९/०४ | १ | जिल्ला दर रेट समेतलाई आधारमानी तयार गरेको विश्लेषण दर समेत स्वीकृत गर्ने निर्णय गरेको । | कार्य सम्पन्न (विश्लेषण दर रेट बनेर कार्यान्वयनमा आइसकेको) |
| | २ | यस नगर क्षेत्रमा पर्ने सडक अधिकार क्षेत्र र अन्य सडकमा नगरले तोकेको सडक अधिकार क्षेत्र पुरा भएको र सार्बजनिक जग्गा नमिचेका घर हरुलाई बैंकिंग प्रयोजनको लागि मात्र नक्शामा घर निर्माण सिफारिस गर्ने निर्णय गरेको | कार्य सम्पन्न तथा सुरु भैसकेको |
| | ३ | साविक गा.वि.स. बाट स्थाई नियुक्ति पाई यस नगरपालिकामा निरन्तर रुपमा कामकाज गर्ने कृष्ण बहादुर शाही, घन बहादुर वि.सी, र गणेश बुढा मगर लाइ आ-आफ्नै पदमा कर्मचारी समायोजन गर्ने भनि आएको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार समायोजन गर्ने निर्णय गरियो । | कार्य सम्पन्न (समायोजन भैसकेको) |
| | ४ | वडाहरुमा हुने विकाश आयोजनाहरुलाई नियमन गर्ने तथा प्राविधिक तबर बाट ठिक हुने गरि काम काज गर्ने सवालमा गठित उ.स.लाई वडा समिति बाट निर्देशन गर्ने निर्णय गरियो । | समिति गठन हुदै गएको र निर्देशन पनि भइ सकेको |
| | ५ | आ.व. २०७४/७५ मा निर्माण सम्पन्न योजनाहरु (बाहुन गाउ कागाने लाघाट राइरा सडक निर्माण, बाहुन गाउ चैतुवा लाघाट राइरा सडक निर्माण,जैसिमुल खानेपानी योजना काफलपानी) उ.स.ले भुक्तानी नलिएकोले आ.व. २०७५/७६ को सभाले निर्णय गरे अनुसार भुक्तानी दिने निर्णय गरियो । | लेखा शाखामा विचाराधीन अवस्थामा रहेको |
| | ६ | सडक मर्मत सम्भार कार्यक्रम अनुसार यस नगरपालिकाको लागि रु.३० लाख स्वीकृत भएको र उक्त मर्मतक लागि छिन्चु-जाजरकोट सडक अन्तर्गत यस नगरमा पर्ने रेकर देखि संग्रहि सम्म कालोपत्रे सडकको नियमित मर्मत गर्ने कार्यक्रम बनाई अर्को बैठकमा पेश गर्ने निर्णय गरियो । | स्वीकृत भइ प्राविधिक सर्वेक्षण सुरु पनि भै सकेको |

| निर्णय मिति | निर्णयहरु | | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | निर्णय न. | निर्णयको व्यहोरा | |
| २०७५/०९/१० | १ | सम्बन्धित वडा कार्यालयले आफ्नो वडा भित्र संचालित व्यवसायहरु दर्ता गरे/नगरेको, दर्ता गरेको भए नवीकरण भए/ नभएको अनुगमन गरि व्यवसाय दर्ता नगरी संचालन भएकालाई दर्ता गर्ने प्रोत्साहन गरि स्थानीय सरकारको राजस्व लक्ष्य प्राप्तिमा सहयोगी भूमिका निर्बाह गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो \| | कार्य सम्पन्न (निर्देशन दिई सकिएको) |
| | २ | वडा कार्यालयहरुमा कर्मचारी अभाब भएकोले सामाजिक परिचालकहरुलाई कामकाज गर्न खटाउने र मासिक १७ हजारको दरले सबै ८ जना सामाजिक परिचालकलाइ २०७५ श्रावन देखि २०७६ अषाढ मसान्त सम्म करार सेवा सम्झौता गरि कामकाज गराउने \| | सम्झौता भइ कामकाजमा खटि सकेको |
| | ३ | नगर प्रमुख आवास तथा विषयगत शाखा कार्यालय प्रयोजनको लागि न्युनतम दररेटमा लिने निर्णय गरियो \| | सम्झौता भइसेको र सुचारु पनि भैसकेको |
| २०७५/०९/१४ | १ | यस नगरपालिका अन्तर्गत वडा न. ३ मा रहेको स्वास्थ्य चौकी भवन जिर्ण भएकोले उक्त भवन निर्माण पूर्वाधार र विकाशका लागि स्थानीय वासी बाट ३ रोपनी जग्गा प्राप्त भएकोले आवश्यक बजेट विनियोजनको लागि कर्णाली प्रदेश, सामाजिक विकाश मन्त्रालयमा माग गर्ने निर्णय गरियो \| | विचाराधीन अवस्थामा रहेको |
| | २ | वागचौर न.पा. निवासी वालाराम डाँगीका छोरा छोरीहरु मिति २०७५/०५/१२ र १७ गतेको वर्षातको समयमा पहिरोमा परि दुखद निधन भएकोले सबै नगरपालिका बाट सहयोगको लागि प्रतिबद्ता भएकोले यस नगरपालिका बाट पिडित परिवारको सहयोगको लागि विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत न.ब.लि. मा रहेको खातामा रु.५० हजार सहयोग गर्ने निर्णय गरियो \| | कार्य सम्पन्न (सहयोग भइसकेको) |
| | ३ | आ.व.२०७४/७५ मा संचालन भइ भुक्तानी हुन बाकि रहेको वडा न.७ को खेलकुद वापत रकम यस आ.व. मा विनियोजन भएको भएको खेलकुद शीर्षकबाट व्यहोर्ने गरि रु ५० हजार भुक्तानी दिने निर्णय गरियो र बाकि रकम मेयर कप फाल्गुन महिना संचालन गर्ने गरि तयार गर्ने र आवस्यक पारिश्रमिक उपलब्ध गर्ने निर्णय गरियो \| | गत आ.व. को भुक्तानी लेखा शाखामा विचाराधीन रहेको र मेयर कपको लागि फिल्ड निर्माण सुचारु भएको |
| | ४ | सशर्त अनुदान तर्फ पशु सेवा विभागको एक गाउ एक प्राविधिक अन्तर्गत हाल भावना सुनार, तेजराज रोका गरि २ जना कार्यरत रहेको र १ जना कर्मचारी राख्न सकिने हुदा करारमा राख्नका लागि प्रकृया अघि बढाउने निर्णय गरियो \| | कार्य सम्पन्न (प्रकृया अघाढी बढेको) |

| निर्णय मिति | निर्णयहरु | | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | निर्णय न. | निर्णयको व्यहोरा | |
| | ५ | स्वास्थ्य चौकी नभएका २,४,६,८,११ वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरि संचालनमा ल्याउने र उक्त स्वास्थ्य चौकी संचालन गर्न १ जना अ.हे.व., १ जना अ.न.मि. र १ जना कार्यालय सहयोगी स्वास्थ्य शिर्षक बाट विनियोजित रकम बाट व्यहोर्ने गरि करारमा कर्मचारी राख्ने साथै वडा ७ र १० का स्वास्थ्य चौकीहरुको घरभाडा समेत उक्त शिर्षकबाट व्यहोर्ने निर्णय गरियो | | विचाराधीन अवस्थामा रहेको |
| | ६ | स्वास्थ्य चौकीहरुमा कार्यरत करार / अस्थायी कर्मचारीहरुको पारिश्रमिक सेवा सुबिधा कायम गरि सेवा अवधि २०७५ साल श्रावन देखि २०७६ अषाढ मसान्त सम्म थप गर्ने तथा वडा न. ७ र १० मा रहेको सहरी स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीलै ससर्त अनुदान शीर्षकबाट उपलब्ध गराउने र २०७६ असाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो | | कार्य सम्पन्न |